# नेपालमा सहरीकरण प्रक्रियाको प्रवृत्ति र त्यसको शिक्षामा प्रभाव

*देवीप्रसाद पौडेल, (पि.एच.डी.)*
*त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर*
*devipoudel1@yahoo.com*

***लेखसार***

*प्रस्तुत लेख नेपालमा सहरीकरण प्रक्रियाको प्रवृत्ति, त्यसको शिक्षामा प्रभाव र त्यसबाट उत्पन्न समस्या तथा चुनौतीहरूको विश्लेषण गर्ने र सहरीकरणले सिर्जना गरेका शैक्षिक समस्याहरूलाई समीक्षा गर्ने उद्देश्यले तयार पारिएको छ । द्वितीयक स्रोत तथा सूचनाहरूमा आधारित यस लेखमा नेपालमा विगत करिब सात दशकदेखि सहरीकरणको थालनी भए तापनि व्यवस्थित रूपले सहरको विकास हुन सकेको छैन । पछिल्लो तथ्याङ्कअनुसार अहिले नेपालमा ६२ प्रतिशतभन्दा बढी जनसङ्ख्या नगरमा बसोबास गरेको देखिन्छ । सूचना तथा सञ्चार, यातायात, खानेपानी, ढलनिकास, विद्युत् आपूर्ति, शिक्षा स्वास्थ्यजस्ता महत्त्वपूर्ण पूर्वाधारहरूको पूर्णरूपले विकास नहुँदै सहरको घोषणा गर्नाले व्यवस्थित सहरको विकासमा थप चुनौती तथा समस्याहरू देखा परेका छन् । सहरी क्षेत्रमा देखापरेका समस्या तथा चुनौतीहरू न्यूनीकरण गर्न सरकारी, गैरसरकारी तथा स्थानीय स्तरबाट प्रयास गरिनु आवश्यक छ । सहरी व्यवस्थापनमा संलग्न निकायहरू बिच समन्वयको आवश्यकता पर्दछ । यसले व्यवस्थित सहरीकरणलाई सहयोग गर्दछ । सहरीकरणलाई व्यवस्थित तरिकाले अगाडि बढाउन योजनाअनुसार सहरी क्षेत्रको शैक्षिक विकासमा विशेष ध्यान दिनु आवश्यक छ । सहरीकरणले शिक्षाको स्थितिलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । आजको शिक्षा र सहरीकरणबिच सकारात्मक सम्बन्ध रहेको छ । जहाँ नगरहरूको संख्या बढी छ, त्यहाँ साक्षरताको दर पनि बढी नै देखिन्छ । जहाँ सहरीकरण हुन्छ, त्यहाँ साक्षरताको दर तीव्र गतिमा अघि बढ्छ । काठमाडौँ उपत्यकामा मात्र ७८ प्रतिशत निजी विद्यालय र २२ प्रतिशत सार्वजनिक विद्यालय रहेका छन् । समग्र नेपालमा ८१.६ प्रतिशत सार्वजनिक विद्यालय र १८.४ प्रतिशत निजी विद्यालय रहेको तथ्याङ्क छ । यसरी सहरीकरणसँगै निजी विद्यालयको प्रभाव बढी तर सार्वजनिक विद्यालयको अवस्था दयनीय हुनाले सार्वजनिक विद्यालयको सुधारतर्फ स्थानीय सरकार क्रियाशील हुनुपर्ने देखिन्छ ।*

**शब्दकुञ्जी :** अव्यवस्थित बसोबास, कार्यात्मक आधार, जनसङ्ख्या, सहरीकरण, सार्वजनिक तथा निजी विद्यालय ।

## पुष्ठभूमि

विश्वमा सहरीकरणको प्रक्रियासँगै शैक्षिक क्षेत्र पनि विभिन्न आयामबाट प्रभावित भएको पाइन्छ । सैद्धान्तिक रूपले विश्वको जनसङ्ख्या वृद्धिसँगै मानिसहरू गुणस्तरीय शिक्षाका अवसरको खोजीमा सहरतिर बसाइँ सर्दै आएका छन् । सहरीकरणले आर्थिक विकासमा सकारात्मक प्रभाव पार्ने हुँदा रोजगारका अवसरहरूको वृद्धि गर्दछ । यस्ता अवसरहरूले शिक्षाको विकासमा सकारात्मक परिवर्तन ल्याउने गर्छन् । सहरी क्षेत्रमा शिक्षाको विकास तीव्र गतिमा हुन्छ भने ग्रामीण क्षेत्रमा अपेक्षाकृत कम विकास भएको पाइन्छ (Panthee and Allan, 2015 । मानव सभ्यताको प्रारम्भ नदी तथा समुद्रको किनारबाट भएको मानिन्छ । आज पनि विश्वका अधिकांश सहरहरू नदी किनारमा अवस्थित छन् । विश्वमा झन्डै ८२ प्रतिशत सहर नदी तथा समुद्रको किनारमा रहेका छन् । विश्वमा सहरीकरणको दर ४.१ प्रतिशतले बढ्दो छ । सन् २०५० सम्म विश्वका ७ अर्ब मानिसहरू सहरमा बस्दै गरेको अनुमान छ । प्रत्येक वर्ष एक करोड सत्तरी लाख मानिसहरू सहरमा थपिएका छन् (कान्तिपुर, २०७७ वैशाख २७) । सहरी क्षेत्रमा विविध सेवासुविधा एवं रोजगारी उपलब्ध हुने भएकाले ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतर्फ बसाइँ सर्ने प्रवृत्ति बढ्दै गएको हो । सहरी क्षेत्रको विकाससँगै नयाँ समस्याहरू पनि थपिँदै गएका छन् । व्यवस्थित सहरको विकास आज चुनौती बनेको छ । कुल जनसङ्ख्या मध्येबाट सहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको अनुपातमा वृद्धि हुनु वा सहरमा केन्द्रीकरण हुने प्रक्रियालाई नै सहरीकरण भनिन्छ । Thompson (1929) का अनुसार सानो कृषि समुदायका मानिसहरूको ठुलो अंश औद्योगिक, व्यापारिक, प्रशासनिक तथा अन्य यस्तै प्रकारका समूहतर्फ अग्रसर हुने प्रवृत्ति नै सहरीकरण हो ।

नेपालका सहरमा कुल जनसङ्ख्यामध्ये ७७ प्रतिशत ग्रामीण क्षेत्रका जनसङ्ख्याले ओगटेको छ । (GoN, 2015) । यस प्रक्रियाले सहरमा बसोबास गर्ने मानिसको संख्यामा वृद्धि हुनाका साथै सहरी क्षेत्रको पनि विस्तार हुँदै गएको छ । नेपालका सन्दर्भमा नगरपालिका भित्र बसोबास गर्ने सबै जनसङ्ख्यालाई सहरी जनसङ्ख्या भनिन्छ । सन् १९६२ देखि नेपालमा सहरी विकासको अवधारणा विकसित भएको हो । त्यतिबेला सहर वा नगर हुनका लागि कम्तीमा दश हजार जनसङ्ख्या हुनुपर्ने मापदण्ड तोकिएको थियो । त्यस्तै नगरपालिका ऐन २०४८ ले नगरपालिका हुनका लागि विद्युत्, खानेपानी, सूचना

तथा सञ्चार, शिक्षा, स्वास्थ्य आदि आधारभूत सुविधासम्पन्न कम्तीमा बिस हजार जनसङ्ख्याको मापदण्ड राखेको थियो । साथै वार्षिक दश लाख आम्दानी हुनुपर्ने मापदण्ड पनि तोकिएको थियो । उपमहानगरपालिका हुनका लागि कम्तीमा एकलाख जनसङ्ख्या र वार्षिक दुई करोड आम्दानी हुनुपर्ने मापदण्ड तोकिएको थियो । त्यस्तै महानगरपालिका हुनका लागि कम्तीमा तीन लाख जनसङ्ख्या र वार्षिक सात करोड आम्दानी हुनुपर्ने मापदण्ड कायम गरिएको थियो । अहिले पनि निर्धारण गरिएका यी मापदण्डहरू कार्यान्वयन भएका छैनन् । त्यसैले पनि व्यवस्थित सहरीकरणमा चुनौती थपिएको छ । राज्यको पुन:संरचना पछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिका बन्नका लागि हिमाली जिल्लाको हिमाली क्षेत्रमा कम्तीमा चालिस हजार, भित्री मधेशमा पचास हजार, तराईका जिल्लामा पच्चहत्तर हजार र काठमाडौँ उपत्यकामा कम्तीमा एक लाख स्थायी बासिन्दा भएको  तथा हिमाली जिल्लामा पछिल्लो पाँच वर्षमा आन्तरिक आय एक करोड र अन्य जिल्लामा कम्तीमा तीन करोड रुपैयाँ हुनुपर्ने उल्लेख छ । त्यस्तै, उपमहानगरपालिका बन्नका लागि कम्तीमा दुई लाख स्थायी बासिन्दा भएको तथा पछिल्लो पाँच वर्षमा पच्चिस करोड आन्तरिक आय भएको र महानगरपालिका बन्नका लागि पाँच लाख स्थायी बासिन्दा भएको तथा पछिल्लो पाँच वर्षको आन्तरिक आय कम्तीमा एक अर्व भएको हुनुपर्ने प्रावधान रहेको छ । सडक, सडकपेटी, विद्युत्, खानेपानी, सञ्चार र त्यस्तै अन्य सहरी सुविधा भएको क्षेत्रलाई नै नगर भनी परिभाषित गरिएको छ । यी सबै प्रावधानले गर्दा शैक्षिक संस्थाहरूको चाप पनि सहरी क्षेत्रमा बढी हुने गरेको देखिन्छ ।

सहरी क्षेत्रका नगरपालिकामध्ये सबैभन्दा धेरै जनसङ्ख्या काठमाडौँ उपत्यकामा रहेको छ । वैदेशिक रोजगारले राष्ट्रिय जनसङ्ख्याको २४ प्रतिशत ओगटेको छ । सहरीकरणको प्रादेशिक तहमा ठुलो भिन्नता देखिन्छ । नेपालका सन्दर्भमा तराईमा सहरीकरणको पूर्वाधारको विकास बढी भएकाले पहाडी प्रदेशको तुलनामा  सहरीकरणको विकासको गति तीव्र भएको देखिन्छ । वैदेशिक रोजगारमा गएका युवाहरूको आकर्षण सहरी क्षेत्र बनेको छ । विदेशबाट आएका युवाहरूको जीवनशैलीमा आएको परिवर्तनले पनि  यो स्थिति सिर्जना भएको हुन सक्दछ । अहिले ग्रामीण क्षेत्र बृद्धहरूको आश्रय स्थल बन्न गएको छ । यसले ग्रामीण क्षेत्रको विकासमा प्रतिकूल प्रभाव पारेको देखिन्छ । नेपालमा करिब २५ प्रतिशत मानिस गरिब भएको अनुमान छ । सहरी र ग्रामीण क्षेत्रमा गरिबीको दर तुलना गर्दा सहरी क्षेत्रको करिब १५ प्रतिशत र ग्रामीण क्षेत्रमा करिब २७ प्रतिशत गरिबीको रेखामुनि रहेको अनुमान छ । ग्रामीण क्षेत्रमा २७ प्रतिशत गरिब हुनाको मुख्य

कारण निर्वाहमुखी कृषिप्रणाली मान्न सकिन्छ । नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो २०६६ /०६७ अनुसार कृषिक्षेत्रको ज्यालादारीमा लागेका घरपरिवारमध्ये ४७ प्रतिशत गरिब छन् भने आफ्नै खेतीपाती भएका घरपरिवारमध्ये पनि २७ प्रतिशत गरिब देखिन्छन् (नेपाल सरकार, २०६७ र केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । कृषि पेसाको विकर्षणले युवाहरूको आकर्षण गैरकृषि पेसातर्फ बढेकाले पनि सहरी जनसङ्ख्याको वृद्धिमा तीव्रता आएको हो । सहरीकरणले आर्थिक क्रियाकलापको विस्तार र अवसरहरूको उपयोगमा सहयोग गरे तापनि उपयुक्त सहरी योजनाअनुरूप वस्ती विस्तार नहुँदा आधारभूत सहरी सेवा उपलब्ध गराउन र वातावरणीय सन्तुलन कायम राख्न कठिन हुन्छ । व्यवस्थित सहरीकरण आजको तड्कारो आवश्यकता हो । यसका लागि उपयुक्त सहरी योजनाको आवश्यकता पर्दछ । जुन योजना राष्ट्रले तोकेको मापदण्ड बमोजिम हुनु जरुरी छ । नेपालको सन्दर्भमा सहर भन्दा साथ साँगुरा एवं अव्यवस्थित सडक, खानेपानीको अभाव, ढलनिकासको समस्या, अव्यवस्थित रूपमा फैलिएको फोहोर मैला व्यवस्थापन, प्रदूषणयुक्त उच्च जनसङ्ख्या भएको क्षेत्र अझै व्यवस्थित गर्न सकेको खण्डमा नेपालका सहरी क्षेत्र सुन्दर हुने देखिन्छ । यस्ता समस्या समाधान गर्न सहरीकरणको योजना बनाउनुपर्छ र यसका लागि उपयुक्त शैक्षिक दृष्टिकोण चाहिन्छ । यस लेखमा सहरीकरण प्रक्रियाको प्रवृत्ति र त्यसको शिक्षामा प्रभाव, शैक्षिक स्थिति, त्यसको व्यवस्थापन र यसमा देखापरेका समस्यालाई पहिल्याउने प्रयास गरिएको छ ।

## उद्देश्य

यस लेखमा सहरी जनसङ्ख्याको प्रवृत्तिलाई विश्लेषण गर्न, सहरीकरण प्रक्रिया र शिक्षाको प्रभावका बारेमा समीक्षा गर्न र सहरी जनसङ्ख्याका चुनौती तथा तिनको व्यवस्थापनमा देखापरेका समस्याहरू पहिचान गर्ने उद्देश्य राखिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख द्वितीयक स्रोत तथा सूचनाहरूमा आधारित छ । यसमा मूलतः गुणात्मक तथा मात्रात्मक दुवै विधिको मिश्रित प्रयोग भएको छ । यो लेख मूलतः वर्णनात्मक प्रकृतिको छ । यसमा सहरीकरण प्रक्रियाको प्रवृत्ति र त्यसको विकासका विभिन्न वर्षका तथ्याङ्कहरू सङ्कलन गरी विश्लेषण गर्ने प्रयास गरिएको छ । यसका लागि सन् १९५२ देखि २०११ सम्मका प्रत्येक जनगणना वर्षको सहरी जनसङ्ख्याको तथ्याङ्क तथा अन्य स्रोतहरूका आधारमा सहरहरूको संख्या विस्तारको अवस्था तथा सहरीकरणको प्रक्रियाको

प्रवृत्तिलाई विश्लेषण गरिएको छ । नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकाको जनसङ्ख्यालाई सहरी जनसङ्ख्याको आधार मानिएको छ । सहरीकरणले सार्वजनिक तथा निजी शिक्षामा पारेको प्रभाव र विशेषतालाई तथ्याङ्क अवलोकनको आधार मानिएको छ । यसका लागि प्रदेशअनुसार सार्वजनिक तथा निजी विद्यालयको संख्यागत वितरण र काठमाडौँ उपत्यकाका महानगरपालिका तथा नगरपालिकाको सार्वजनिक तथा निजी विद्यालयको स्थितिलाई आधार मानिएको छ । यसका लागि विभिन्न लेख, रचना तथा अन्तरसञ्जालका स्रोतहरूको पनि सहयोग लिइएको छ ।

## नतिजा तथा छलफल

*नेपालमा सहरीकरणको प्रवृत्ति*

नेपालका सन्दर्भमा नगरपालिकाको विकास र विस्तारलाई सहरीकरणको आधार मानिएको छ । सहरीकरणका मुख्य निर्धारक यातायात सञ्जाल र भौगोलिक अवस्थितिलाई मान्न सकिन्छ । यसको अर्को महत्त्वपूर्ण पक्ष भनेको कार्यात्मक आधार (Functional Basis) हो । नेपालमा सहरीकरणको प्रवृत्तिलाई हेर्दा जनगणनाको तथ्याङ्कलाई आधार मानी सहरीकरणको स्तर तथा प्रवृत्तिको विश्लेषण गरेको पाइन्छ । नेपालमा सहरीकरणको विकासको इतिहास त्यति लामो छैन । सन् १९५२/५४ को वैज्ञानिक तथा व्यवस्थित जनगणनापछि मात्र सहरीकरणको व्यवस्थापन थालिएको हो । (Sharma, 1992) । त्यतिबेला नेपालमा केवल १० ओटा मात्र सहरहरूको अस्तित्व थियो । कुल जनसख्याको केवल २.९ प्रतिशत जनसङ्ख्या सहरमा बसोबास गरेको तथ्याङ्कले देखाएको छ । सन् १९६१ मा नगरपालिकाको संख्या बढेर १६ पुगेको थियो भने सहरमा बस्ने मानिसको संख्या ३.६ प्रतिशत पुगेको थियो । सन् १९७१ मा नगरपालिकाको संख्या १६ नै कायम रहेको थियो भने त्यहाँको जनसङ्ख्या केवल ४.० प्रतिशत मात्र बढेको थियो । सन् १९८१ मा नगरपालिकाको संख्या बढेर २३ पुगेको थियो भने सहरी जनसङ्ख्या ६.४ प्रतिशत भएको थियो । त्यस्तै सन् १९९१ मा नगरपालिकाको संख्या ३३ पुगेको थियो । त्यस समयमा नगरको कुल जनसङ्ख्या प्रतिशत बढेर ९.२ प्रतिशत पुगेको थियो (Sharma, 1992) । सन् २००१ मा नगरको जनसङ्ख्या १४.२ प्रतिशत पुगेको थियो भने सोही समयमा नगरको संख्या ५८ पुगेको थियो । त्यस्तै सन् २०११ मा सहरको संख्या ९९ र सहरी जनसङ्ख्या १७.० प्रतिशत पुगेको थियो भने यो आँकडा सन् २०१४ मा ३८.३ प्रतिशत पुगेको थियो । राज्यको

पुन:संरचना पछि सहरी जनसङ्ख्या नाटकीय ढंगले वृद्धि भई ६२.२ प्रतिशत पुगेको छ । सन् २०११ देखि २०१८ सम्मको सात वर्षमा सहरी जनसङ्ख्या ४५.२ प्रतिशतले वृद्धि भएकाले यसले अवसरका साथै समस्या पनि सिर्जना गरेको पाइन्छ ।

नेपाल संघीय प्रणालीमा गएसँगै राज्यको पुन:सरचना पछि सहरी जनसङ्ख्याको विकासमा आमूल परिवर्तन भयो । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारमा रूपान्तरण भयो । यसले सहरी क्षेत्रको विकासमा व्यापक परिवर्तन भयो । हाल नेपालको संरचना ७५३ स्थानीय तहमा विभाजित छ । यसअनुसार महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाँउपालिका ४४६ रहेका छन् । जनसङ्ख्याका हिसाबले काठमाडौँ र क्षेत्रफलका हिसाबले पोखरा लेखनाथ महानगरपालिका ठुला मानिन्छन् । नेपालको सहरी जनसङ्ख्या पूर्वाधार नै पूरा नभै भविष्यमा पूर्वाधारको विकास गर्ने हिसाबले अगाडि बढेको पाइन्छ । यसप्रकारको जनसङ्ख्या वृद्धिले सहरी जनसङ्ख्यामा विपरीत समस्याहरू सिर्जना हुने स्थिति रहन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय सरकारको समन्वय, नियमन तथा व्यवस्थापनका लागि जिम्मा दिएकाले शैक्षिक क्षेत्रको विकासमा विशेष ध्यान दिनुपर्ने अवस्था सिर्जना भएको छ । यसले शैक्षिक क्षेत्रको व्यवस्थापनमा समेत गम्भीर ढंगले सोच्नु जरुरी भैसकेको अवस्था छ ।

**तालिका नं. १ : नेपालमा सहरीकरण प्रक्रियाको प्रवृत्ति**

| जनगणना वर्ष | सहरी क्षेत्रको संख्या | शहरी जनसङ्ख्या (प्रतिशतमा) |
|---|---|---|
| १९५२/ ५४ | १० | २.९ |
| १९६१ | १६ | ३.६ |
| १९७१ | १६ | ४.० |
| १९८१ | २३ | ६.४ |
| १९९१ | ३३ | ९.२ |
| २००१ | ५८ | १४.२ |
| २०११ | ९९ | १७.० |
| २०१४ | १९१ | ३८.३ |
| २०१८ | २९३ | ६२.२ |

स्रोत : CBS,1992 and 2003 AD, केन्द्रीय तथ्याङ्क विभाग वि.सं. २०६८, सं.मा.स्था.वि.म., २०७४ ।

माथिको तालिका नं.१ को आधारमा सहरीकरणको प्रवृत्तिलाई हेर्दा प्रारम्भका जनगणना वर्षहरूमा भन्दा पछिल्ला जनगणना वर्षहरूमा सहरी जनसङ्ख्याको स्थिति तीव्ररूपमा वृद्धि भएको छ । यसले सहरी क्षेत्रको विस्तार तथा विकास भएको पुष्टि गर्छ । सहरी

क्षेत्रको विकास र विस्तारका साथसाथै सहरी जनसङ्ख्याबाट विभिन्न समस्या उत्पन्न भएको वस्तु तथ्यलाई पनि नकार्न सकिँदैन । विशेष गरी नेपालको ग्रामीण क्षेत्रका युवाहरू रोजगारीको खोजीमा तेस्रो मुलुक गएर फर्केपछि पहिले बसेको स्थान छोडी सहरमै बसोबास गर्ने प्रवृत्तिले सहरी जनसङ्ख्या वृद्धि भएको देखिन्छ (पौडेल, २०६७) । सहरको पूर्वाधार पूरा भैसकेका क्षेत्रहरूलाई सरकारी स्तरबाट सहरी क्षेत्रको घोषणा भएकाले पनि सहरीकरणमा टेवा पुगेको देखिन्छ । सङ्घीयताले नेपालमा स्थानीय तहको संरचनामा ठुलो परिवर्तन ल्याएको छ । प्रदेशअनुसार स्थानीय तहको वितरणमा भिन्नता भएकाले त्यसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं.२ : प्रदेशअनुसार महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिकाको संख्यागत  वितरण

| प्रदेश | महानगरपालिका | उपमहानगरपालिका | नगरपालिका | गाँउपालिका |
|---|---|---|---|---|
| प्रदेश १ | १ | २ | ४६ | ८८ |
| मधेश | १ | ३ | ७३ | ५९ |
| बाग्मती | ३ | १ | ४१ | ७४ |
| गण्डकी | १ | | २६ | ५८ |
| लुम्बिनी | | ४ | ३२ | ७३ |
| कर्णाली | | | २५ | ५४ |
| सुदूर पश्चिम | | १ | ३३ | ५४ |
| जम्मा | ६ | ११ | २७६ | ४६० |

स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७४ ।

तालिका नं.२ मा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिकाको प्रदेशअनुसारको संख्या प्रस्तुत गरिएको छ । गाँउपालिकाबाहेक सबै स्थानीय निकायहरूले सहर वा नगरको स्थितिलाई देखाएका हुन्छन् चाहे ती ग्रामीण विशेषताहरूले भरिएका किन नहोऊन् । नेपालको सन्दर्भमा सहरी क्षेत्र भन्नाले महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका भन्ने बुझ्नुपर्छ । त्यस्ता संरचना नेपालमा २९३ वटा छन् । यी नगरहरू सहरी विशेषताले भरिएका छैनन् ।

यसबाट शिक्षाको अवस्था पनि प्रभावित छ । राज्यको पुन:संरचनापछि सहरीकरणका चुनौती तथा समस्याहरूमा अझै वृद्धि हुँदै छ । यस आलेखमा मूलत: शैक्षिक क्षेत्र र सहरीकरणको सन्दर्भको चर्चा गर्ने प्रयास गरिएको छ ।

## सहरीकरण र शैक्षिक अवस्था

नेपालको संविधान २०७२ को अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय, व्यवस्थापन र नियमन स्थानीय सरकारको मातहतमा रहने  व्यवस्था गरेको छ । यसअनुसार प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचरिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमन गर्ने कार्य स्थानीय निकायले गर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक, निजी, गुठी र सहकारी विद्यालयहरूको स्थापना अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन पनि स्थानीय सरकारले गर्ने व्यवस्था छ । त्यसैले स्थानीय सरकारसँग माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन तथा नियमनको अधिकार रहेकाले सहरीकरणका साथसाथै सार्वजनिक तथा निजी विद्यालयमा देखापरेका भिन्नता न्यूनीकरणमा पनि चासो राख्न आवश्यक छ । नेपालका अधिकांश निजी विद्यालयहरू सहरी क्षेत्रमा सञ्चालित छन् । अहिले नेपालमा निजी विद्यालयको संख्या जम्मा ६५६६ र सार्वजनिक विद्यालयको संख्या जम्मा २९०३५ रहेको छ ( GoN, 2018 ) ।

तालिका नं.३ : प्रदेशअनुसार सार्वजनिक तथा निजी विद्यालयको संख्यागत  वितरण र प्रतिशत

| प्रदेशहरू | सार्वजनिक विद्यालय | प्रतिशत | निजी विद्यालय | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | ५४९८ | १५.४४ | १२२३ | ४.४३ | ६७२१ | १८.८७ |
| मधेश | ३३२० | ९.३२ | ५३३ | १.४९ | ३८५३ | १०.८२ |
| बाग्मती | ५२४३ | १४.७२ | २१४५ | ६.०२ | ७३८८ | २०.७५ |
| गण्डकी | ३७७२ | १०.५९ | ८३५ | २.३४ | ४६०७ | १२.९४ |
| लुम्बिनी | ४६२९ | १३.०० | ११३५ | ३.१८ | ५७६४ | १६.१९ |
| कर्णाली | ३०१३ | ८.४६ | १८६ | ०.५२ | ३१९९ | ८.९८ |
| सुदूर पश्चिम | ३५६० | ९.९९ | ५०९ | १.४२ | ४०६९ | ११.४२ |
| जम्मा | २९०३५ | ८१.६ | ६५६६ | १८.४ | ३५६०१ | १००.०० |

स्रोत: *Government of Nepal, 2018.*

माथिको तालिका नं. ३ ले प्रदेशअनुसारको सार्वजनिक तथा निजी विद्यालयको संख्या तथा प्रतिशत देखाएको छ । यस तालिकाको तथ्याङ्कअनुसार नेपालमा ८१.६ प्रतिशत सार्वजनिक विद्यालय र १८.४ प्रतिशत निजी विद्यालय रहेका छन् । बाग्मती प्रदेशमा निजी विद्यालयको प्रतिशत ६.०२ प्रतिशत रहेको छ । यहाँ सार्वजनिक विद्यालयको प्रतिशत १४.७२ प्रतिशत रहेको छ । प्रदेश नं.१ र लुम्बिनी प्रदेशमा सार्वजनिक विद्यालयको प्रतिशत क्रमश: १५.४४ र १३.०० रहेको छ भने निजी विद्यालयको प्रतिशत क्रमश: ४.४३ र ३.१८ रहेको छ । जहाँ नगरहरूको संख्या बढी छ त्यहाँ निजी विद्यालयको प्रभाव बढी छ तर अन्य प्रदेशमा यो दर घट्दै गएको पाइन्छ । समग्रमा हेर्दा पनि क्रमश: २०.७५, १८.७८ र १६.१९ प्रतिशत बाग्मती, प्रदेश १ र लुम्बिनी प्रदेशमा दुवै प्रकृतिका विद्यालयहरू रहेका छन् । कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशमा भने निजी विद्यालयको प्रभाव न्यून छ । यसरी सहरीकरणसँगै विद्यालयहरू पनि बढ्दै गएको अवस्था छ । सहरीकरणको दर बढ्दै जाँदा शैक्षिक संस्थाको विकास र विस्तार हुँदै गएको देखिन्छ ।

निजी विद्यालयलाई दशवर्ष भित्र सेवामूलक बनाउने राष्ट्रिय शिक्षा आयोग २०७५ ले बताएको छ । हाल देशमा सार्वजनिक तथा निजी गरी दुई प्रकृतिका विद्यालयबाट भिन्नभिन्न वर्गका नागरिक उत्पादन भइरहेको तथ्यलाई राज्यले गम्भीर रूपमा लिनुपर्ने हुन्छ । सहरीकरणले समतामूलक शिक्षाको विकासमा प्रतिकूल प्रभाव पार्ने सम्भावना बढी हुन्छ । सार्वजनिक तथा निजी गरी दुई प्रकृतिका विद्यालयबाट भिन्नभिन्न वर्गका नागरिक उत्पादन भइरहेको वर्तमान अवस्थामा सुधार गर्न मुलुकभरी स्थानीय पाठ्यक्रमबाहेक एकै प्रकृतिको पाठ्यक्रम लागु गर्नुपर्दछ । महँगो शुल्कमा सञ्चालित शैक्षिक संस्था सबैको पहुँचमा नहुने हुँदा शिक्षामा विभेद रहेको अहिलेको अवस्थामा सुधार गर्न नीतिगत रूपमा नै यसलाई अन्त्य गर्नु पर्दछ ।

तालिका नं.४ : काठमाडौँ उपत्यकाका महानगरपालिका तथा नगरपालिकाको विद्यालयको स्थिति

| काठमाडौँ उपत्यका | सार्वजनिक विद्यालय | प्रतिशत | निजी विद्यालय | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| काठमाडौँ महानगरपालिका | १३५ | ९.९१ | ६३८ | ४६.८४ | ७७३ | ५६.७५ |
| कीर्तिपुर नगरपालिका | १३ | ०.९५ | २४ | १.७६ | ३७ | २.७१ |
| कागेश्वरी मनहरा नगरपालिका | १३ | ०.९५ | ३६ | २.६४ | ४९ | ३.५९ |
| गोकर्णेश्वर नगरपालिका | १५ | १.१० | ८५ | ६.२४ | १०० | ७.३४ |
| चन्द्रागिरी नगरपालिका | २४ | १.७६ | ५४ | ३.९६ | ७८ | ५.७२ |
| टोखा नगरपालिका | १० | ०.७३ | ७२ | ५.२८ | ८२ | ६.०२ |
| तारकेश्वर, नगरपालिका | २३ | १.६८ | ५१ | ३.७४ | ७४ | ५.४३ |
| दक्षिणकाली नगरपालिका | २४ | १.७६ | ८ | ०.५८ | ३२ | २.३४ |
| नागार्जुन नगरपालिका | १५ | १.१० | ३९ | २.८६ | ५४ | ३.९६ |
| बुढानीलकण्ठ नगरपालिका | ९ | ०.६६ | ४५ | ३.३० | ५४ | ३.९६ |
| शङ्खरापुर नगरपालिका | २१ | १.५४ | ८ | ०.५८ | २९ | २.१२ |
| जम्मा | ३०२ | २२.१४ | १०६० | ७७.७८ | १३६२ | १००.०० |

स्रोत : नेपाल सरकार, २०१८

माथिको तालिका नं. ४ ले काठमाडौँ उपत्यकाका सार्वजनिक तथा निजी विद्यालयको अवस्थालाई प्रस्तुत गरेको छ । काठमाडौँ उपत्यकाभित्र महानगरपालिकासहित ११ वटा नगरपालिका रहेका छन् । यसमध्ये दक्षिणकाली र शङ्खरापुर नगरपालिकाबाहेक सबै नगरपालिकामा निजी विद्यालयको संख्या बढी छ भने यसो हुनाका मूलकारण यहाँको जनसङ्ख्या चाप, उपत्यकाबाहिरका सम्पन्न परिवारका बालबालिकाहरू पढ्नका लागि उपत्यकाका विद्यालयमा भर्ना गर्ने प्रवृत्ति, सुविधासम्पन्न भवन, इन्टरनेटको पहुँच, उत्कृष्ट शिक्षकहरूको शिक्षणमा सहभागिता आदि कारणले गर्दा काठमाडौँ उपत्यकामा सार्वजनिक भन्दा निजी विद्यालयहरूको बाहुल्य रहेको छ । काठमाडौँ उपत्यकामा मात्र ७८ प्रतिशत निजी विद्यालय र २२ प्रतिशत सार्वजनिक विद्यालय रहेका छन् । त्यस्तै काठमाडौँ महानगरपालिकामा मात्र सम्पूर्ण विद्यालयको झन्डै ४७ प्रतिशत निजी विद्यालय रहेको अवस्था छ । यसरी सहरीकरणसँगै निजी विद्यालयको प्रभाव बढी तर

सार्वजनिक विद्यालयको अवस्था दयनीय भएकाले सार्वजनिक विद्यालयको सुधारतर्फ स्थानीय सरकार क्रियाशील हुनुपर्ने देखिन्छ । काठमाडौँ उपत्यकाका विश्वनिकेतन र ज्ञानोदय माध्यमिक विद्यालयले आफ्नो समग्र अवस्थालाई सुधार गर्दै लगेका छन् भने भानु माध्यमिक विद्यालयको भौतिक संरचना राम्रो छ । यी र यी जस्ता अन्य सार्वजनिक विद्यालयले यही हिसाबले सार्वजनिक विद्यालयको गुणस्तरलाई सुधार गर्दै लैजाने हो भने सार्वजनिक विद्यालयहरू अभिभावक तथा विद्यार्थीहरूको पहिलो रोजाइमा पर्न सक्छन् । यसका लागि स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## सहरीकरण र साक्षरताको स्थिति

साक्षर नेपाल वर्ष २०७६ को अवधारणा पत्रअनुसार १५ वर्षदेखि ६० वर्ष उमेर समूहका निरक्षर सबैलाई यस कार्यक्रमभित्र समावेश गरिएको छ । ९५ प्रतिशतभन्दा बढी मानिस साक्षर भएपछि प्रत्येक जिल्लालाई साक्षर घोषणा गर्ने प्रावधान रहेको छ । साक्षरताको दर सबै जिल्लामा समान तरिकाले वितरण भएको पाइँदैन । साक्षरताको स्थिति र सहरीकरणमा सकारात्मक सम्बन्ध रहेको हुन्छ । प्रदेशअनुसारको साक्षरताको स्थितिले पनि सहरीकरण र साक्षरताको अवस्थालाई वस्तुगत हिसाबले विश्लेषण गरेको हुन्छ । हालसम्म नेपाल ४७ जिल्लामात्र पूर्ण साक्षर भएको घोषणा गरिएको छ । अन्य ३० जिल्लामा पूर्ण साक्षर अभियानको कार्यक्रम पूरा हुन बाँकी नै छ ।

साक्षर नेपाल वर्ष २०७६ को अवधारणा पत्रअनुसार साक्षर घोषणा हुन बाँकी जिल्लाहरूको अवस्थाको आधारमा नेपालका कतिपय सहरी क्षेत्रहरू पनि साक्षर हुनबाट वञ्चित रहेको अवस्था छ । साक्षर घोषणाको निर्णय भएका जिल्लामा काभ्रेपलान्चोक, संखुवासभा, उदयपुर, मोरङ, डडेल्धुरा, र बैतडी परेका छन् । त्यस्तै, साक्षर घोषणा गर्न प्रतिबद्ध भएका जिल्लामा कैलाली, डोटी, बाँके, काठमाडौँ, कपिलवस्तु र ताप्लेजुङ परेका छन् । त्यस्तै, सघन कक्षा चाहिने जिल्लामा धनुषा, रौतहट, सर्लाही, सिरहा, सप्तरी, बारा, पर्सा, सोलुखुम्बु, हुम्ला र डोल्पा आदि पर्दछन् (नेपाल सरकार, २०७५) । यस प्रकृतिका अधिकांश  जिल्ला ग्रामीण क्षेत्रमा रहेका देखिन्छन् । नगरीकरणले मात्र साक्षरताको अन्त्य गर्न सकेको अवस्था देखिँदैन । सहरीकरणले निजी विद्यालयको विकासमा योगदान गरे तापनि साक्षरताको स्थितिलाई अन्त्य गर्न महत्त्वपूर्ण भूमिका खेलेको छैन । सीमान्त तथा गरिब समुदायका बालबालिकाको पठनपाठनको अवस्था सुधार गर्न सार्वजनिक विद्यालयको अहम् भूमिका रहन्छ । यसका लागि सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नुपर्ने अवस्था तड्कारो रहेको छ ।

निरक्षर, नवसाक्षर तथा निरन्तर सिकाइ प्राप्त गर्न चाहने व्यक्तिका लागि हरेक स्थानीय तहअन्तर्गत, सञ्चालित सामुदायिक सिकाइ केन्द्र, अनुदान प्राप्त अनौपचारिक प्राथमिक शिक्षा, खुला, निम्नमाध्यमिक शिक्षा, अनौपचारिक प्रौढ विद्यालय, परम्परागत धार्मिक प्रकृतिका विद्यालयबाट पनि पूर्ण साक्षरताका लागि महत्त्वपूर्ण भूमिका रहेको छ । यस प्रकृतिका शैक्षिक संस्थाको सक्रियता सहरमा भन्दा ग्रामीण क्षेत्रमा बढी रहेको देखिन्छ ।

तालिका नं.५ : प्रदेशअनुसार ५ वर्ष र सो भन्दा माथिको साक्षरता प्रतिशत

| प्रदेश | पुरुष (प्रतिशत) | महिला (प्रतिशत) | जम्मा (प्रतिशत) |
|---|---|---|---|
| प्रदेश १ | ७९.३ | ६३.९ | ७१.२ |
| मधेश | ६०.१ | ३८.९ | ४९.५ |
| बाग्मती | ८२.८ | ६७.० | ७४.९ |
| गण्डकी | ८३.५ | ६७.७ | ७४.९ |
| लुम्बिनी | ७५.५ | ५८.३ | ६६.४ |
| कर्णाली | ७२.९ | ५३.२ | ६२.८ |
| सुदूर पश्चिम | ७६.४ | ५१.९ | ६३.५ |
| जम्मा | ७५.१ | ५७.४ | ६५.९ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८,स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,२०६७

प्रस्तुत तालिका नं. ५ ले प्रदेशअनुसारको साक्षरताको स्थितिलाई प्रतिशतमा देखाएको छ । यसबाट एकातिर प्रदेशअनुसारको साक्षरताको अवस्था स्पष्ट भएको छ भने अर्कातिर नगर क्षेत्रमा त्यसको घनत्व रहेका कुराको पनि संकेत गर्दछ । बाग्मती प्रदेश र गण्डकी प्रदेशमा पुरुषको साक्षरता प्रतिशत क्रमश: ८२.८ र ८३.५ प्रतिशत रहेको छ । त्यस्तै महिलाको साक्षरता प्रतिशत पनि गण्डकी प्रदेश र बाग्मती प्रदेशको क्रमश: ६७.७ प्रतिशत र ६७.० प्रतिशत रहेको छ । बाग्मती र गण्डकी प्रदेशमा अन्य प्रदेशका तुलनामा महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको संख्या पनि बढी देखिन्छ ।

## शैक्षिक प्रभाव

प्राचीन कालदेखि नै नेपाल ज्ञानको उद्गम स्थलको रूपमा विकसित भएको भूमि हो । यसलाई ऋषिमुनिहरूको ज्ञानभूमि तथा तपोभूमि पनि मानिन्छ । ऋषिमुनिहरूको आश्रयस्थल नेपाललाई धार्मिक तथा सांस्कृतिक मूल्य र मान्यताहरूले पूर्ण बनाएको छ ।

धार्मिक तथा सांस्कृतिक मूल्य मान्यताहरू यसैमा आधारित ज्ञानहरू रूपान्तरित हुँदै हाम्रो समुदायमा आवश्यकताअनुसार समायोजन तथा हस्तान्तरण हुँदै आएको अनुमान गर्न सकिन्छ । परापूर्वकालमा ज्ञान आर्जनका स्रोतहरू ऋषिमुनिका कुटिहरू थिए । ती प्राय: एकान्त स्थानहरूमा हुन्थे । अहिले समय र परिवेशमा ठुलो परिर्वतन आएको छ । आज ज्ञान आर्जनका केन्द्रहरू सहरी क्षेत्र भएका छन् । सुविधा सम्पन्न भवनहरू शिक्षाको प्रसार गर्ने महत्त्वपूर्ण माध्यम बनेका छन् ।

सहरीकरणले शिक्षाको स्थितिलाई प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । बालबालिकाको ज्ञानक्षेत्र डिजिटल सिपको विकासमा केन्द्रित छ । सूचना र प्रविधिको विकासमा तीव्रता आएको छ । यसले जीवनलाई सरल बनाएको छ । यसको प्रभाव ग्रामीण क्षेत्रका बालबालिकामा अपेक्षाकृत कम देखिएको छ । यसो हुनाको पछाडि ग्रामीण क्षेत्रका विद्यालयहरूमा इन्टरनेटको सुविधा कम उपलब्ध हुनु हो । ग्रामीण परिवेशमा हुर्केका बालबालिकामा घरायसी कार्यको बोझले इन्टरनेटको सुविधा उपलब्ध भएर पनि प्रयोग गर्न नपाउने स्थितिले पनि उनीहरू यसबाट वञ्चित रहेको स्थिति छ । वास्तवमा फेसबुक, युटुब, ट्विटर, इन्स्टाग्राम तथा टिकटकजस्ता सामाजिक सञ्जालको व्यापक प्रयोगले सहरी विद्यालयका केटाकेटीहरूमा सकारात्मक रूपले सूचना प्रविधिका क्षेत्रमा व्यापक विकास भएको छ । ग्रामीण क्षेत्रका कतिपय बिद्यालयमा भने यसको प्रभाव शून्य देखिन्छ । सामाजिक सञ्जालको अनावश्यक प्रयोगबाट सुरक्षित गर्दै बालबालिकामा बाहिरी जगत्का बारेमा स्वत: सिकाइ प्रक्रियामा वृद्धि गर्न यसको ठुलो महत्त्व रहेको हुन्छ । सहरी क्षेत्रका विद्यालयमा प्रविधि मैत्री गुणस्तरीय शिक्षाको पहुँच ग्रामीण क्षेत्रका बालबालिकाका तुलनामा बढी हुन्छ । संस्थागत विद्यालयको संख्या सहरी क्षेत्रमा बढी देखिन्छ भने सामुदायिक विद्यालयको संख्या ग्रामीण क्षेत्रमा बढी पाइन्छ । यसले ग्रामीण क्षेत्रका विद्यालयमा सामूहिकता वा सामुदायिक भावना सहरी क्षेत्रको तुलनामा बढी देखिन्छ । यसको प्रक्रिया केटाकेटीहरूमा पनि देखा पर्न सक्छ । विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को प्रभावमा पनि विद्यार्थीहरूको पठनपाठनलाई अनलाइन कक्षा सञ्चालनले सहयोग गरेको छ । अनलाइन कक्षा सञ्चालन सहरी क्षेत्रमा नै बढी भएको छ । अत: सहरीकरणले विकासको गतिलाई तीव्रता प्रदान गरे तापनि सार्वजनिक र निजी विद्यालयको अवस्थालाई हेर्दा सहरी क्षेत्रमा सार्वजनिक विद्यालय उपेक्षित अवस्थामा रहेका छन् । ग्रामीण क्षेत्रमा निजी विद्यालयको संख्या न्यून भएकाले सार्वजनिक विद्यालयको प्रभाव बढी छ र शैक्षिक जनशक्तिको उत्पादनमा पनि एकरूपता पाइन्छ । अहिले काठमाडौँ उपत्यकाको विश्वनिकेतन र ज्ञानोदय माध्यमिक विद्यालय, रूपन्देहीको

कालिका मानवज्ञान र शान्ति माध्यमिक विद्यालय, कास्कीको अमरसिंह र शारदा माध्यमिक विद्यालय, पश्चिम नवलपरासीको महाकवि देवकोटा माध्यमिक विद्यालयलाई सार्वजनिक विद्यालयका नमुना मान्न सकिन्छ । यही हिसाबले सार्वजनिक विद्यालयको गुणस्तरलाई सुधार गर्दै लौजाने हो भने सार्वजनिक विद्यालयहरू अभिभावक तथा विद्यार्थीहरूको पहिलो रोजाइमा परेका छन् । यसका लागि स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका रहन्छ ।

उच्च शैक्षिक संस्थाको स्थापना नेपालका प्रमुख सहरहरूमा केन्द्रित देखिन्छ । त्रिभुवन विश्वविद्यालयका सम्पूर्ण आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस, काठमाडौँ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय तथा अन्य विश्वविद्यालयका सम्बन्धन प्राप्त क्याम्पसहरू प्रायः सहरका केन्द्रहरूमा अवस्थित छन् । यसमा पनि निजी स्तरमा सञ्चालनमा रहेका कलेजको बाहुल्य सहरहरूमा केन्द्रित रहेको छ । यसले के देखाउँछ भने नेपालमा सहरीकरणले उच्च शैक्षिक संस्थाहरूलाई पनि सहरमै केन्द्रित गराएको छ ।

जनसङ्ख्या तथा भौगोलिक अवस्थाको ख्याल नगरी विगतमा ग्रामीण इलाकामा विद्यालय स्थापना भएका थिए । आज ती विद्यालयमा विद्यार्थीहरूको संख्या अत्यन्त न्यून रहेको छ । बसाइँसराइको दर उच्च हुनाले सहरीकरण तीव्र गतिले बढिरहेको छ । यसले सहरी क्षेत्रमा निजीस्तरबाट बग्रेल्ती शैक्षिक संस्थाहरूको विकास तथा विस्तार भएको छ । ती संस्थाहरूको नियमन तथा व्यवस्थापनमा ध्यान पुगेको छैन । अव्यवस्थित रूपले विकसित भइरहेको सहरीकरणले शैक्षिक संस्थाहरू पनि अव्यवस्थित रहेको अवस्था छ । यही बेथितिले गर्दा शैक्षिक संस्थाहरूले दुई प्रकारका नागरिक उत्पादन गरिरहेको वर्तमान अवस्था छ । यसलाई न्यूनीकरण गर्न स्थानीय सरकारको महत्त्वपूर्ण भूमिका रहन्छ । हाल स्थानीय सरकारले माध्यमिक तह सम्मको शैक्षिक व्यवस्थापनमा उत्तरदायित्व वहन गर्ने प्रावधान रहेको छ । यस अवस्थामा शैक्षिक क्षेत्रमा एकरूपता ल्याउनु जरुरी छ । त्यसका लागि नेपालको सहरीकरण प्रवृत्तिलाई पनि नियाल्नु आवश्यक छ ।

## चुनौती र समस्याहरू

सहरीकरण आफैमा एउटा जटिल प्रक्रिया हो । यसले शैक्षिक क्षेत्रमात्र होइन समग्र पक्षलाई प्रभाव पारेको हुन्छ । सहरीकरणको प्रक्रियाले सहरको क्षेत्र एवं स्वरूपमा परिवर्तन भइरहेको हुन्छ । सहरको स्वरूप तथा क्षेत्रविस्तारले सहरीकरणको चापलाई

धान्न सक्ने संरचनात्मक क्षमताको अभावले सामाजिक, आर्थिक तथा वातावरणीय समस्या उत्पन्न हुने गर्दछन् । अव्यवस्थित सहरीकरणले विशेष गरी प्राकृतिक स्रोत माथिको अतिरिक्त दबाब, भूमिको अत्यधिक चाप, मूल्य वृद्धि, फोहोरमैला व्यवस्थापनमा समस्या, गरिबी एवं महँगी, सार्वजनिक भूमिको अतिक्रमण, सामाजिक असुरक्षा, सामाजिक विकृति, साँस्कृतिक विविधतामा ह्रास, वातावरणीय विनास जस्ता अनेकौ समस्या देखा पर्दछन् । त्यस्तै जनसङ्ख्याको अत्यधिक चाप, अव्यवस्थित बसोबास, छाडा संस्कृतिको विकास, शैक्षिक अराजकतामा वृद्धि, धनी र गरिबबिच व्यापक अन्तर, सामाजिक सद्भावको कमी, व्यक्तिवादी चरित्रको प्रभाव, आदि सहरीकरणका चुनौती हुन् । त्यसैले सहरीकरणलाई सभ्यताको केन्द्र मानिए तापनि यसका नकरात्मक पक्षहरूले यसको विकासमा चुनौती एवं समस्याहरू थपिदिएका छन् । सहरीकरणको विकासमा निजी स्तरमा गरिने भवननिर्माण कार्यबिच समन्वयको अभावलाई पनि चुनौतीको रूपमा लिन सकिन्छ । सहरी योजना तथा व्यवस्थापनको संस्थापन क्षमता फितलो छ । सहरी वातावरण सङ्कटोन्मुख अवस्थामा छ । आजको अवस्थामा विपद् व्यवस्थापन व्यवस्थित सहरीकरणको लागि ठुलो चुनौतीको रूपमा रहेको छ । सहरीकरणले जनसङ्ख्याको अतिरिक्त चाप पर्न गई शैक्षिक व्यवस्थापनमा समेत समस्या देखापरेको छ । सहरीकरणले समतामूलक शिक्षाको विकासमा प्रतिकूल प्रभाव पारेको देखिन्छ । ठुलो लगानीमा सञ्चालन भएका निजी  विद्यालयले आफ्नो लगानीको प्रतिफल प्राप्तिका लागि महँगो शुल्क असुल गर्ने गर्दछन् । यसले स्वाभाविक रूपले समतामूलक शिक्षा भन्ने अवधारणालाई नै उपहास गरेको अवस्था छ ।

## निस्कर्ष तथा सुझाव

नेपालको सन्दर्भमा नगरपालिकाको विकास र सहरीकरणको अवस्थालाई विश्लेषण गर्दा आर्थिक उन्नति एवं समुन्नत समाजको निर्माणमा खासै योगदान भएको देखिँदैन । अनियमित रूपले सहरको विकास हुनाले आधारभूत रूपले सेवा तथा सुविधाहरूको वितरण प्रणालीमा समानता पाइँदैन । सहरीकरणलाई विकासको महत्त्वपूर्ण आधार मानिन्छ । यसले जनसङ्ख्याको ठुलो हिस्सालाई व्यवस्थापन गरेको हुन्छ । नेपालमा विगत करिब सात दशकदेखि सहरीकरणको सुरुवात भए तापनि व्यवस्थित रूपले सहरको विकास हुन सकेको छैन । पछिल्लो स्रोतअनुसार अहिले नेपालमा ६२ प्रतिशतभन्दा बढी जनसङ्ख्या नगरमा बसोबास गरेको तथ्याङ्क छ । धेरैजसो नगरमा उपलब्ध हुनुपर्ने न्यूनतम पूर्वाधार तथा सुविधा अभाव हुँदा पनि सहरको परिभाषाभित्र समेटिएको छ । सूचना तथा सञ्चार, यातायात, खानेपानी, ढलनिकास, विद्युत् आपूर्ति, शिक्षा,

स्वास्थ्यजस्ता महत्त्वपूर्ण पूर्वाधारहरूको पूर्णरूपले विकास नहुँदै सहरको घोषणा गर्नाले व्यवस्थित सहरको विकासमा थप चुनौती तथा समस्याहरू थपिएका छन् । सहरी क्षेत्रमा देखापरेका समस्या तथा चुनौतीहरू न्यूनीकरण गर्न सरकारी, गैरसरकारी तथा स्थानीय स्तरबाट पहल गरिनु आवश्यक छ । सहरलाई वातावरण मैत्री बनाउन सबै क्षेत्रबाट सहयोग र सहकार्यको आवश्यकता रहन्छ । सहरी व्यवस्थापनमा संलग्न निकायहरूबिच समन्वयको आवश्यकता पर्दछ । यसले व्यवस्थित सहरीकरणलाई सहयोग गर्दछ । यसर्थ, सहरीकरणलाई व्यवस्थित तरिकाले अगाडि बढाउन योजनाअनुसार सहरी क्षेत्रको विकासमा ध्यान दिनु आवश्यक छ ।

आजको शिक्षा र सहरीकरणबिच सकारात्मक सम्बन्ध रहेको छ । जहाँ नगरहरूको संख्या बढी छ, त्यहाँ साक्षरताको दर पनि बढी नै देखिन्छ । जहाँ सहरीकरण हुन्छ, त्यहाँ साक्षरताको दर तीव्र गतिमा बढेको पाइन्छ । काठमाडौँ उपत्यकामा मात्र ७८ प्रतिशत निजी विद्यालय र २२ प्रतिशत सार्वजनिक विद्यालय छन् । त्यस्तै काठमाडौँ महानगरपालिकामा मात्र सम्पूर्ण विद्यालयको झन्डै ४७ प्रतिशत निजी विद्यालयको अवस्था छ । यसरी सहरीकरणसँगै निजी विद्यालयको प्रभाव बढी तर सार्वजनिक विद्यालयको अवस्था दयनीय देखिनाले सार्वजनिक विद्यालयको सुधारतर्फ स्थानीय सरकार क्रियाशील हुनुपर्ने देखिन्छ । समग्र नेपालमा ८१.६ प्रतिशत सार्वजनिक विद्यालय र १८.४ प्रतिशत निजी विद्यालय रहेको तथ्याङ्क छ । शैक्षिक तथा सहरीकरणको हिसाबले कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेश पिछडिएका अवस्थामा देखिन्छन् ।

ग्रामीण क्षेत्रको शैक्षिक स्थिति र सहरी क्षेत्रको शैक्षिक स्तरबिचको व्यापक अन्तरलाई न्यूनीकरण गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ । एउटै देशमा दुई प्रकृतिका विद्यालयबाट भिन्नभिन्न वर्गका नागरिक उत्पादन भइरहेको वर्तमान अवस्थालाई ध्यानमा राखी सरकारले सहरी क्षेत्रमा नमुनाका रूपमा सञ्चालित सामुदायिक विद्यालयहरूको संख्या विस्तार गरी ती विद्यालयहरूको समग्र अवस्थामा सुधार गर्नुपर्ने देखिन्छ । स्थानीय सरकारले माध्यमिक तहसम्मको शिक्षामा व्यापक सुधार गरी सार्वजनिक विद्यालयहरूलाई सबैको रोजाइमा पर्न सक्ने बनाउनुपर्ने आवश्यकता रहेको छ । स्थानीय सरकारले स्थानीय आवश्यकता, सामाजिक तथा सांस्कृतिक परिवेशको विश्लेषणको आधारमा स्थानीय शिक्षालाई जोडेर अगाडि बढ्नुपर्ने अवस्था रहेको देखिन्छ । भूगोल, जनसङ्ख्या, सामाजिक आवश्यकता, स्थानीय विशिष्टता, शैक्षिक संस्थाहरूको नक्साङ्कनको आधारमा शैक्षिक योजना तथा कार्यक्रम अगाडि बढाउने हो भने

समातामूलक शिक्षाको विकासमा सहयोग पुग्छ र यसले शिक्षा विकासका निम्ति हो भन्ने धारणाको पुष्टि गर्दछ ।

## सन्दर्भसूची


केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *नेपालमा गरिबी* (नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो २०६६/०६७ मा आधारित सक्षिप्त प्रतिवेदन), काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजा,* थापाथली काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

कान्तिपुर दैनिक (२०७७, वैशाख २७), संकटमा मान्छे, *कान्तिपुर राष्ट्रिय दैनिक* : काठमाडौँ ।

नेपाल सरकार (२०६७), *त्रिवर्षीय योजनाको आधारपत्र,* काठमाडौँ : राष्ट्रिय योजना आयोग ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान २०७२,* काठमाडौँ : कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल सरकार ।

नेपाल सरकार (२०७४), *संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,* काठमाडौँ : नेपाल सरकार ।

नेपाल सरकार (२०७४), *स्थानीय सरकार ऐन २०७४,* नेपाल कानुन आयोग, नेपाल सरकार । retrieved from www.law commission.gov.np

नेपाल सरकार (२०७५), *अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम, कार्यान्वयन सहजीकरण पुस्तिका,* भक्तपुर : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानवस्रोत विकास केन्द्र ।

पौडेल, देवीप्रसाद (२०६७), *जनसङ्ख्या भूगोल,* काठमाडौँ : दुधकोसी प्रेस प्रा.लि.।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (२०६७), *नेपाल जनसङ्ख्या प्रतिवेदन,* काठमाडौँ: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

नेपाल सरकार (२०७५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५,* काठमाडौँ : शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

Central Bureau of Statics (CBS) (1992). Population Census 1991, Kathmandu: Central Bureau of Statistics.

CBS, (2003). *Population Monograph of Nepal Vol. 1 and 2*. Kathmandu: Central Bureau of Statistics.

Government of Nepal, (2015). *National Urban Development Strategy.* Kathmandu: Ministry of Urban Development, Governmnet of Nepal.

Government of Nepal (2018). *Education in Figures 2017 ( At a Glance).* Shinghadarbar, Kathmandu: Ministry of Education Science & Technology.

Panthee, K.P. and Allen, L.M. (2015). 'Gender differences in rural urban education in Nepal'. University of Leuven Belgium and Unoversity of Nebraska, USA. *Europian Journal of Education Education Science (EJUS)*, Vol. 2, No.2 pp 61-74.

Sharma, Pitamber (1992). A note on recent trends in Nepal's urbanization. Kathmandu: *The Himalayan Review* Vol. XX-XXII pp 1-10.

Thompson, W. (1929). Population in American Journal of Society 34.